# स्थानीय सरकार,शैलुङ गाउँपालिकाको कार्यपालिकाको निर्णय सार्वजनिक प्रयोजन

## २०८१ साल माघ २३ गतेको गाउँ कार्यपालिका निर्णयहरू

१. आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक स्वीकृतीको लागि गाउँसभामा पेश गर्ने

२. विनियोजन ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक स्वीकृतीको लागि गाउँसभामा पेश गर्ने

३. गाउँपालिकाका तपसिल बमोजिमका विषयगत समितिका संयोजकहरु द्वारा प्रस्तुत गरिएका प्रतिवेदनहरुलाई अनुमोदन गरी स्वीकृतको लागि गाउँसभामा पेश गर्ने

तपसिल

| सि.नं. | समितिको नाम | संयोजक |
|---|---|---|
| १ | आर्थिक विकास समिति | श्री दिपक बस्नेत |
| २ | सामाजिक विकास समिति | श्री धन बहादुर तामाङ |
| ३ | पूर्वाधार विकास समिति | श्री दिल कुमार तामाङ |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन समिति | श्री वीर बहादुर तामाङ |
| ५ | विधेयक समिति | श्री तिर्थ बहादुर श्रेष्ठ |
| ६ | सुशासन तथा क्षमता विकास समिति | श्री झम्क बहादुर कार्की |

४. न्यायिक समितिका संयोजक तथा गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्कीज्यूले प्रस्तुत गर्नु भएको न्यायिक समितिको प्रतिवेदन अनुमोदन गरी स्वीकृतिको लागि गाउँसभामा पेश गर्ने

५. लेखा समितिका संयोजक तथा गाउँकार्यपालिका सदस्य श्री विशाल खातीज्यूले प्रस्तुत गर्नु भएको लेखा समितिको प्रतिवेदन अनुमोदन गरी स्वीकृतिको लागि गाउँसभामा पेश गर्ने

६. हाल सम्म गाउँ कार्यपालिकाले गरेका कार्यहरू स्वीकृतिको लागि गाउँसभामा पेश गर्ने

७. हाल सम्म गाउँ कार्यपालिकाको निर्णयहरुलाई स्वीकृतिको लागि गाउँसभामा पेश गर्ने

८. १६ औं गाउँसभाबाट स्वीकृत योजना, बजेट तथा कार्यक्रमको संशोधन प्रस्ताव गाउँसभामा पेश गर्ने

९. क) साझा सुविधा केन्द्र निर्माणको लागि गाउँपालिकाबाट सूचना प्रकाशन गरी प्रस्ताव माग गरिएकोमा निर्धारित समय सम्ममा प्रस्ताव पेश गर्ने एकीकृत शैलुङ साना किसान कृषि सहकारी संस्था लि., शैलुङ-८ सँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने

ख) श्री पुजा कुमारी साहले यस गाउँपालिका समेत उपर सम्मानित उच्च अदालत पाटन समक्ष दायर गरेको उत्प्रेषण परमादेश मुद्धामा (०८१-WO-१४०४) यस गाउँपालिकाको तर्फबाट सम्मानित उच्च अदालत पाटन समक्ष लिखित जवाफ पेश गर्न तारिखमा रहि पुर्पक्ष गर्न जो जे गर्नुपर्ने सम्पुर्ण कार्य गर्न यस गाउँपालिकाका अध्यक्ष श्री रिमल बाबु श्रेष्ठलाई अख्तियारी प्रदान गर्ने

ग) नेपाल सरकारद्वारा हस्तान्तरित गरिव सँग विश्वेश्वर कार्यक्रम लागु भएका स्थानीय तहमा कार्यक्रम संचालन खर्च (२२५२२, नेपाल सरकार ससर्त अनुदान चालु ) अन्तर्गत विनियोजित बजेट रू २,००,०००/-(दुई लाख मात्र) बाट शैलुङ गाउँपालिका वडा नं. ५ स्थित कृषक पौरखी समूह मार्फत देहाएका समूहहरुमा गिरिराज कुखुराका चल्ला वितरण गरी कार्यक्रम संचालन गर्ने

तपसिल

१. इन्द्रावती महिला कृषक समूह
२. संसारीथान समूह
३. प्रगतिशिल समूह
४. चेतनशिल समूह
५. गणेशथान समूह
६. कृषि पौरखी समूह
७. कालिभगवती देउराली समूह
८. लालुपाते समूह
९. हाम्रो समूह

घ) HICDPs अन्तर्गत शैलुङ अस्पताल निर्माणको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं मार्फत प्रस्ताव पेश गरिएकोमा उक्त आयोजनाको कुल लागतमा गाउँपालिकाको तर्फबाट साझेदारी गर्नुपर्ने रकम साझेदारी गर्ने प्रतिवद्धता व्यक्त गर्ने

ङ) गाउँपालिकाबाट गरिएको O&M सर्भेमा कृषि शाखा तर्फको कर्मचारीहरुको सङ्ख्या कम भएको हुँदा तपसिल बमोजिमको दरबन्दी थप गरी O&M मा समावेश गर्ने

तपसिल

| सि.नं. | सेवा,समूह | तह | पद | हाल भएको सङ्ख्या | थप गर्नु पर्ने सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | कृषि/बागवानी/बाली संरक्षण/कृषि प्रसार/माटो विज्ञान | चौथो | ना.प्रा.स. | २ | ४ |

च) तपसिल बमोजिमका करारमा कार्यरत कर्मचारीहरूको लोकसेवाबाट वा अन्य निकायबाट उक्त पदमा सरुवा /बढुवा भई आएको खण्डमा करार सम्झौता स्वत रद्ध हुने गरी २०८२ असार मसान्त सम्मको लागि म्याद थप गर्ने

छ) शैलुङ गाउँपालिकाको पहिलो महिनावारी उत्सव मनाउने कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयन गर्ने

ज) आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने नयाँ तरकारी पकेट विकास कार्यक्रमको लागि तपसिल बमोजिमका समूहहरू छनौट गरी कार्यान्वयन गर्ने

<u>तपसिल</u>

| सि.नं. | समूहको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | सुनौलो महिला कृषक समूह | १ | |
| २ | श्री सृजनशिल कृषक समूह | १ | |
| ३ | लालिगुराँस महिला कृषक समूह | ६ | |
| ४ | श्री उद्दमशिल कृषि तथा पशुपन्छी कृषक समूह | ८ | |

झ) आ.व. २०७९/०८० को अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा ३०.१ मा उल्लेख गरेको सोधभर्ना लिनुपर्ने भनि कालापानी शैलुङ मिनि ग्रेटवाल निर्माणको लागि समझदारी पत्र अनुसार सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको ७०% र गाउँपालिकाको ३०% व्यहोर्ने भनिएको तर हाल सम्म ३,६९,१६,७९९ खर्च भएकोमा गाउँपालिकाले १,१०,७५,०४०/- र मन्त्रालयकले २,५८,४१,७५९/- व्यहोर्नुपर्नेमा मन्त्रालयबाट रू १ करोड ९६ लाख मात्र प्राप्त भएको र बाँकि रकम गाउँपालिकाको स्रोतबाट व्यहोरी गाउँपालिकालाई थप आर्थिकभार परेको रू ६२,४१,७५९- रकम मन्त्रालयमा सोधभर्ना माग्नुपर्ने भनि बेरुजु उल्लेख गरेको रकम मन्त्रालयमा उपलब्ध गराउनको लागि अनुरोध गर्ने

ञ) यस शैलुङ गाउँपालिकाको यस आर्थिक वर्षमा कार्य सम्पन्न भै प्राविधिक कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, उपभोक्ता समितिलाई भुक्तानी दिने बिल, उपभोक्ता समितिले पेश गरेका सक्कल बिल भरपाई, आम भेलाले गरेको खर्च स्वीकृत सम्बन्धी निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिश उपभोक्ता भेलाको निर्णय, आयोजना स्तरीय वडा स्तरीय तथा गाउँपालिका स्तरीय अनुगमन समितिका प्रतिवेदनहरु समेत अध्ययन गरी देहायका आयोजनाहरुको फरफारक प्रयोजनको लागि भएका जाँचपास तथा फरफारक समितिका बैठकको निर्णयहरु अनुमोदन गर्ने

तपसिल

| क्र. सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु. | प्राविधिक मूल्याङ्कन रकम रु. | गाउँपालिकाबाट भुक्तानी हुने रकम रु. | मुख्य मुख्य कामको विवरण |
|---|---|---|---|---|---|
| १. | हिले बिम्चेत सडक शैलुङ ४ | ३,२३,६००।०० | ३,२६,८१६।०० | २,८८,०००।०० | सडक सोलिङ १०१ मीटर अर्थात ८० घमी भएको। |
| २ | भित्रे पानीकुवा सडक शैलुङ ६ | ५,४१,६३९।५२ | ५,४२,९३७।३४ | ४,८०,०००।०० | ३ को ग्याविन ६ थान २ को ग्याविन १८ थान र १=५ को ग्याविन २४ थान खरिद गरी ढुंगा भर्ने कार्य भएको। साथै सडक नाला र ग्रेड मिलाउने कार्य समेत गरिएको। |
| ३ | मुलखर्क लहरे खोकरधुङ सडक शैलुङ ६ | ३,२२,९४९।८८ | ३,३०,६४४।३१ | २,८८,०००।०० | सडक सोलिङ ९९ मीटर अर्थात ७५ घमी भएको । ग्राभेल बिछ्याउने कार्य २४ घमी भएको । |

ट) मिति २०८१/११/१३ गते देखि १६ गते सम्म शैलुङ्गेश्वर स्वास्थ्य चौकि, भैसेको व्यवस्थापन, ८ नं. वडा कार्यालयको आयोजना तथा नेप अस एशोसिएसन र नेप अस डेण्टल क्लिनिक, काठमाण्डौंको प्राविधिक सहयोगमा हुने स्वास्थ्य शिविरमा

हुने व्यवस्थापकिय खर्च खर्च उपशिर्षक नं. २२५२२, स्वास्थ्य शिविर संचालन खर्च शिर्षकमा विनियोजित रकमबाट विल भरपाई अनुसार भुक्तानि गर्ने

ठ) मिति २०८१/११/१४ गते देखि १८ गते सम्म जिरी नगरपालिकाको व्यवस्थापनमा हुने ११ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा यस गाउँपालिकाको तर्फबाट उपलब्ध खेलाडीहरुलाई केहिदिन बन्द प्रशिक्षणमा राखि तयारी गराउने र जिरी नगरपालिकामा हुने प्रतियोगितामा लाग्ने खर्च, खर्च उपशिर्षक नं. २२५२२, खेलकुद कार्यक्रम (राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन,अध्यक्ष कप लगायत अन्य) मा विनियोजित रकमबाट गर्ने

ड) मिति २०८१/११/१७ गते शैलुङ गाउँपालिका ७ नं. वडा अन्तर्गत संचालित साँगुते मा.वि.को स्वर्ण महोत्सवमा अतिरिक्त क्रियाकलाप संचालन गर्नको लागि खर्च उपशिर्षक नं. २२५२२, अतिरिक्त क्रियाकलाप शिर्षकमा विनियोजित बजेटबाट रू १, ००,०००/- (एक लाख मात्र) उपलब्ध गराउने

ढ) मिति २०८१/१०/१५ गते देखि १७ गते सम्म Dolakha Sports fellowship को आयोजनामा भएको डि.एस.एफ कप-२०८१ भलिवल खेलमा सहभागी भएका शिक्षक खेलाडीहरुको लागि खाना, खाजा, पानी, होटलवास,ट्र्याक,जर्सी लगायतको लागि भएको खर्चको विल भरपाई अनुसार भुक्तानि दिने र साँगुते मा.वि.को आयोजनामा हुने जिल्ला भरीका गाउँपालिका तथा नगरपालिका सामुदयिक विद्यालयमा कार्यरत खेलाडि शिक्षकहरुको विच र आमन्त्रितको रुपमा गाउँपालिकाको जनप्रतिनिधि/कर्मचारीहरू विचमा हुने भलिवल प्रतियोगितामा लाग्ने खर्च, खर्च उपशिर्षक नं. २२५२२, खेलकुद कार्यक्रम (राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन,अध्यक्ष कप लगायत अन्य) शिर्षकमा विनियोजित रकमबाट भुक्तानि दिने

ण) शैलुङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह,वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८१/०८२ को बार्षिक कार्ययोजना कार्यान्वयन र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने

त) शैलुङ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ सँग बाझिएका विषयहरू स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा उल्लेखित भए अनुसार गर्ने

९(थ) आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने योजना तथा कार्यक्रमको उपभोक्ता समिति सँग योजना सम्झौता गर्ने अवधि मिति २०८१/११/२५ गते सम्म कायम गर्ने

९(द) खकाले फस्कु जोड्ने सडक अन्तर्गत ज्यामिरे खकाले सडक खण्ड असोज महिनामा परेको अविरल वर्षाका कारण पहिरो गई सडक अवरुद्ध गरेको हुँदा उक्त सडक सरसफाई तथा मर्मत गर्नको लागि खर्च उपशिर्षक नं. २७११२, विपद् तथा आकष्मिक कोष व्यवस्थापन शिर्षकमा विनियोजित रकम मध्येबाट रू २,००,०००/-(दुई लाख मात्र ) खर्च गर्ने